# काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक नियुक्ति सिफारिस सम्वन्धी कार्यविधि, २०८२

खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ को दफा १७ बमोजिम वोर्डको कार्यकारी निर्देशकको नियुक्ति वोर्डबाट गर्न सक्ने प्रावधान रहेकोमा कार्यकारी निर्देशकको छनौट सम्वन्धी कार्य विधिगत, प्रकृयागत विषय अगाडि बढाउन कार्यकारी निर्देशक छनौट तथा नियुक्ति सिफारिस गर्न तत् सम्वन्धी मापदण्ड कार्यविधि एवं मूल्यांकनका आधारहरु तयार गर्न आवश्यक भएकोले खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ को दफा ११ बमोजिम गठित वोर्डको कार्यकारी समितिबाट यो कार्यविधि जारी गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :

(क) यस कार्यविधिको नाम "काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक नियुक्ति सिफारिस सम्वन्धी कार्यविधि, २०८२" रहनेछ ।

(ख) यो कार्यविधि काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी समितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले खानेपानी मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "वोर्ड" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले खानेपानी व्यवस्थापन वोर्ड ऐन २०६३ को दफा ११ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनु पर्दछ ।

(च) "सिफारिस समिति" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावलीको नियम ३७ अनुसार कार्यकारी निर्देशक नियुक्ति सिफारिस गर्न गठित समिति सम्झनु पर्दछ ।

(छ) "संयोजक" भन्नाले वोर्डको कार्यकारी निर्देशक नियुक्ति गर्न कार्यकारी समितिबाट गठित सिफारिस समितिको संयोजक सम्झनु पर्दछ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक भई कार्य गर्न अख्तियार प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(झ) "दक्ष/विज्ञ" भन्नाले कार्यकारी निर्देशक नियुक्ति गर्नका लागि मूल्यांकन गर्ने कार्यमा संलग्न व्यक्तिलाई सम्झनु पर्दछ ।

३. **<u>सिफारिस समिति</u>** : (१) ऐनको दफा १७ बमोजिमको कार्यकारी निर्देशक नियुक्ति सम्वन्धी कार्यविधिगत विषय अगाडि बढाउन समितिको निर्णयानुसार एक सिफारिस समिति गठन गरिनेछ ।

(३) दफा (१) बमोजिम गठित सिफारिस समितिमा समितिको बैठकबाट मनोनयन भए बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(४) सिफारिस समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(५) सिफारिस समितिको बैठक संयोजकले तोके बमोजिम मिति, समय र स्थानमा बस्नेछ ।

(६) सिफारिस समितिको बैठकको गणपुरक संख्याको लागि कम्तीमा समितिको संयोजक र अन्य तिनजना सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

(७) सिफारिस समितिको निर्णय सर्वसम्मतिमा हुनेछ । कुनै अवस्थामा सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(८) सिफारिस समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ ।

(९) सिफारिस समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सिफारिस समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) सिफारिस समितिले आवश्यक देखेमा विषयसँग सम्वन्धित विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(११) सिफारिस समितिका सदस्य, विज्ञ र सहयोगी कर्मचारीले कार्यकारी समितिले तोके बमोजिमको बैठक भत्ता र अन्य सुविधा पाउने छन् ।

४. **<u>उम्मेदवारको योग्यता</u>** :

कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि ऐनको दफा १७ तथा नियमावली, २०८२ को नियम २० मा व्यवस्था भएको योग्यताका अतिरिक्त देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) **<u>शैक्षिक योग्यता</u>** : मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, विज्ञान, व्यवस्थापन, वित्त, वाणिज्यशास्त्र, कानून, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा चाटर्ड एकाउण्टेन्ट उपाधि हासिल गरेको ।

(ख) **<u>अनुभव</u>** : खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा दश वर्षको अनुभव हासिल गरेको ।

**स्पष्टिकरण** : खानेपानी तथा सरसफाईको क्षेत्रमा व्यवस्थापकीय जिम्मेवारी भन्नाले नेपाल सरकारको स्वामित्वमा रही प्रचलित कानून बमोजिम दर्ता भएका सार्वजनिक संस्था, वोर्ड, प्राधिकरण आदीमा कम्तीमा आठौ वा सो सरहको तहमा रही खानेपानी तथा सरसफाई क्षेत्रमा काम गरेको अनुभव हासिल गरेको हुनुपर्नेछ ।

(ग) **उमेर** : दरखास्त दिने अन्तिम मितिमा पैतिस वर्ष उमेर पुरा भएको र साठी वर्ष ननाघेको ।

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नठहरिएको ।

५. **सूचना प्रकाशन एवं दरखास्त सम्वन्धी व्यवस्था** :

(१) कार्यकारी निर्देशक नियुक्तिका लागि दफा (४) मा तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिले दरखास्त दिन सक्ने गरी एक्काइस (२१) दिनको समयावधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका (नेपाली वा अंग्रेजी) मा एक पटक प्रकाशन गरिनेछ । उक्त सूचना यस वोर्डको वेवसाइटमा समेत राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्त आव्हान गर्दा ३ भन्दा कम उम्मेदवारको दरखास्त परेमा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत राखी राष्ट्रियस्तरको दैनिक पत्रिकामा थप सात (७) दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गर्नुपर्नेछ । थप सात दिनमा पनि थप आवेदन पर्न नआएमा मूल्यांकनको प्रकृया अघि बढाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सूचनाको ढाँचा अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **दरखास्त दिने स्थान र समयावधि** :

दरखास्त दिने स्थान र समायावधि सम्वन्धी विषय सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

७. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** :

(१) दरखास्तका साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) आवेदकको व्यक्तिगत विवरण (Curriculum Vitae)

(ख) व्यवसायिक कार्य योजना (Business Plan)

(ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) शैक्षिक योग्यता सम्वन्धी कागजातका प्रतिलिपिहरु (समकक्षता आवश्यक भएमा सो समेत) ।

(ङ) खानेपानी तथा सरसफाई क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजातहरु ।

(च) नैतिक पतन देखिने कसूरमा सजाय नपाएको तथा कुनै राजनैतिक दलको सदस्य नभएको व्यहोरा सम्वन्धमा उम्मेदवार स्वयंको घोषणा ।

(छ) कुनै निकायमा कार्यरत कर्मचारीको हकमा कार्यरत निकायले आवेदन पेश गर्न पूर्व सहमति दिएको पत्र ।

(ज) माथि उल्लेखित कागजातहरुका अतिरिक्त अनुसूची १ मा माग भएका अन्य कागजातहरु ।

(२) उपदफा (१) बमोजिमका कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको व्यवसायिक कार्य योजनामा (छ हजार शव्दमा नबढाई) देहाय बमोजिमका विषयहरु समावेश गर्नुपर्नेछ ।

(क) काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड तथा सो को काम, कर्तव्य र अधिकार (Scope of work) सम्वन्धी जानकारी ।

(ख) वोर्डको आगामी पाँच वर्षको स्पष्ट दुरदृष्टि (Vision) सहितको व्यवसायिक कार्य योजना

(ग) व्यवसायिक कार्य योजनामा उपदफा (३) को खण्ड (क) र (ख) को अतिरिक्त काठमाण्डौ उपत्यका भित्रको खानेपानीको सम्पत्ति तथा दायित्वको व्यवस्थापन, वोर्डको समस्या, चुनौती तथा समाधानका उपायहरु सहितको भावी कार्ययोजना पेश गर्नुपर्नेछ । साथै खानेपानी तथा ढल निकास सेवा व्यवस्थापन र हाल काठमाण्डौ उपत्यकामा संचालनमा रहेको मेलम्ची खानेपानी आयोजनाको सम्पत्ति तथा दायित्वको व्यवस्थापन, संचालन समेतको विस्तृत कार्य योजना संलग्न गर्नुपर्नेछ । यस कार्य योजनामा माथि उल्लेखित परियोजनाका अतिरिक्त काठमाण्डौ उपत्यकामा सर्वसुलभ एवं गुणस्तरिय खानेपानी सेवा व्यवस्थापन गर्न सम्भाव्य योजनाको खाका, श्रोतको व्यवस्थापन, कार्यान्वयन संचालन विधि (Modality), रचनात्मक लागत असुली योजना (Cost Recovery Plan) संलग्न गर्नुपर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको व्यवसायिक कार्ययोजना (Business Plan) एक थान सक्कल तथा दुई थान प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(५) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च), र (छ) लाई एउटा खाममा र उपदफा (१) को खण्ड (ख) को व्यवसायिक कार्ययोजनालाई छुट्टै खाममा सिलवन्दी गरी पेश गर्नुपर्नेछ । साथै व्यवसायिक कार्य योजनाको Hard copy र Soft copy समेत पेश गर्नुपर्नेछ ।

८. **समितिले दरखास्त रद्द गर्न सक्ने** :

समितिले प्राप्त दरखास्त मध्ये रित नपुगी आएमा वा झुठा विवरण पेश गरेको पाइएमा त्यस्ता दरखास्तहरु रद्द गर्न सक्नेछ ।

९. **आवेदनको छानविन र उम्मेदवारको सूची प्रकाशन** :

(१) सिफारिस समितिले प्राप्त आवेदनहरु मापदण्ड र कार्यविधि बमोजिम भए नभएको छानविन गर्नेछ । यसरी छानविन गर्दा आवश्यकतानुसार विज्ञ सेवा लिन सकिनेछ ।

(२) उम्मेदवारहरुको शैक्षिक योग्यता, कार्य अनुभव तथा व्यक्तिगत विवरण (Curriculum vital CV) मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने बढीमा ७ जना उम्मेदवारहरुको नाम वर्णानुक्रम अनुसारको संक्षिप्त सूची (Short list) प्रकाशन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम छोटो सूचीमा परेका उम्मेदवारहरुको व्यवसायिक कार्य योजना (Business Plan) को मूल्यांकन गर्न लाग्ने समयावधिलाई मध्यनजर गरी दोस्रो चरणको व्यवसायिक कार्य योजनाको प्रस्तुतिकरण र अन्तरवार्ताका लागि पन्ध्र दिनको समयावधि उपलब्ध गराइनेछ ।

(४) उम्मेदवारहरुको संक्षिप्त सूची प्रकाशन भए पछि संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुबाट सिलवन्दी रुपमा प्राप्त कार्यपत्रहरुलाई परीक्षणको लागि विज्ञ समक्ष पठाउनु अगावै विधि र प्रकृया पुऱ्याई कार्यपत्रमा कोडिङ्ग गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम कोडिङ्ग गर्ने कार्यका लागि सिफारिस समितिले सम्वन्धित विज्ञको सहयोग लिन सक्नेछ ।

(६) संक्षिप्त सूची प्रकाशन गर्ने प्रयोजनको लागि मूल्यांकनका आधारहरु अनुसूची ३ अनुसार हुनेछ ।

१० **व्यवसायिक कार्य योजनाको मूल्यांकन** :

व्यवसायिक कार्य योजनाको मूल्यांकन दुई जना लब्ध प्रतिष्ठित विज्ञहरुबाट छुट्टाछुट्टै परीक्षण गराइनेछ । दुवै परीक्षकले प्रदान गरेको अंकको औषत अंकबाट उम्मेदवारको प्राप्तांक निर्धारण अनुसूची ४ को आधारमा गरिनेछ ।

११. **मूल्यांकनका आधारहरु तथा सिफारिस प्रकृया** :

(१) संक्षिप्त सूची तथा व्यवसायिक कार्ययोजना मूल्यांकनका अंकभारहरु निम्न अनुसार रहनेछ ।

| **प्रथम चरण** : | **१०० अंक** |
|---|---|
| आवेदकको शैक्षिक योग्यता, कार्य अनुभव र व्यक्तिगत विवरण मूल्यांकन | १०० अंक |

| **द्वितीय चरण** : | **१०० अंक** |
|---|---|
| (क) व्यवसायिक कार्ययोजनाको मूल्यांकन | ५० अंक |
| (ख) व्यवसायिक कार्ययोजनाको प्रस्तुतिकरण | २५ अंक |
| (ग) अन्तरवार्ता | २५ अंक |

(२) व्यवसायिक कार्ययोजनाको मूल्यांकन गर्दा ४० प्रतिशत भन्दा कम तथा ७० प्रतिशत भन्दा बढी अंक प्रदान गर्नुपर्ने भएमा विज्ञले पुष्टयाई सहित अंक प्रदान गर्नुपर्नेछ । उम्मेदवारको अन्तरवार्ताको मूल्यांकन गर्दा अधिकतम ७० प्रतिशत र न्युनतम ४० प्रतिशतको दायरा भित्र रहने गरी अंक प्रदान गरिनेछ ।

(३) दफा ९(२) बमोजिम प्रकाशन गरिएको संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको वर्णानुक्रमानुसारको संक्षिप्त सूचीको क्रमसंख्याको आधारमा कार्यपत्र प्रस्तुतिकरणको क्रम, समय र मिति तोकी सो को सूचना छनौट समितिले तोकेको राष्ट्रियस्तरको दैनिक पत्रिकामा वा वोर्डको वेवसाइटमा समेत प्रकाशन गरिनेछ । तोकिएको मिति र समयमा सिफारिस समितिलाई मनासिव कारण नदेखाई अनुपस्थित हुने उम्मेदवारलाई कार्यपत्र प्रस्तुतिको अर्को अवसर दिइने छैन ।

(४) कार्यपत्र प्रस्तुतिका लागि प्रत्येक उम्मेदवारलाई चालिस मिनेट समय प्रदान गरिनेछ । निजको प्रस्तुति समाप्त भएपछि प्रस्तुतिको मूल्यांकनका लागि सिफारिस समितिका पदाधिकारी र विज्ञले प्रस्तुतिसँग सम्वन्धित विषयमा प्रस्तोतासँग प्रश्न उत्तरको लागि न्यूनतम बिस मिनेट समय छुट्याइनेछ ।

(५) कार्यपत्र लेखन अंग्रेजी वा नेपाली एक भाषामा गर्नु पर्नेछ ।

(६) कार्यपत्र प्रस्तुति मूल्यांकनकर्ताले गोप्य तरिकाले मूल्यांकन गरेको प्रत्येक मूल्यांकन सिटको पछाडि मूल्यांकनकर्ताले सहीछाप गर्नुपर्नेछ । यसरी सहीछाप गरी मूल्यांकन गर्ने कार्य सम्पन्न हुनासाथ मूल्यांकन सिटलाई सिलवन्दी गरी सिफारिस समितिका संयोजकको जिम्मामा राख्नुपर्नेछ ।

(७) सिफारिस समितिको संयोजकले कार्यपत्र प्रस्तुतिको मूल्यांकनको लागि दफा १२ बमोजिम तयार गरेको विज्ञहरुको रोस्टरबाट बढीमा तीन जना विज्ञहरु गोप्य तरिकाले बढीमा अन्तरवार्ताको एक दिन अघि छनौट गरी आमन्त्रण गर्नेछ ।

(८) अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरुले अन्तरवार्ताका दिन आफुले प्राप्त गरेको शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति र कार्यपत्रको सफ्टकपी पेनड्राइभ सहित लिई उपस्थित हुनु पर्नेछ ।

(९) उपदफा (१) बमोजिम उम्मेदवारको मूल्यांकन गरी अन्तिम योग्यताक्रम कायम गर्दा पहिलो चरणको संक्षिप्त सूची प्रकाशन गर्ने प्रयोजनको लागि गरिने मूल्यांकनका आधारहरुबाट प्राप्त गरेको अंकको पच्चिस प्रतिशत अंकभार (Weightage) र दोस्रो चरणको व्यवसायिक कार्ययोजनाको मूल्यांकन, प्रस्तुतिकरण र अन्तरवार्ता वापत उम्मेदवारले प्राप्त गरेको कुल अंकको ७५ प्रतिशत अंकभार प्रदान गरिनेछ ।

(१०) उपदफा ९ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई समितिले कार्यकारी निर्देशकमा नियुक्तिको लागि छनौट गरी कार्यकारी समिति समक्ष नियुक्तिको लागि सिफारिस गर्दछ ।

(११) सिफारिस समितिले उम्मेदवारहरुको दरखास्त मूल्यांकन, प्रस्तुतिकरण तथा अन्तरवार्ताको लागि आवश्यकतानुसार सम्वन्धित विषय विज्ञको सेवा लिन सक्नेछ ।

(१२) सफल उम्मेदवारसँग नियुक्ति दिनु अघि वोर्डले एक कार्य सम्पादनमा आधारित सम्झौता (Performance based contract) गर्नेछ ।

(१३) नेपाल सरकारको सार्वजनिक संस्थामा बहालवाला कर्मचारी छनौट भएमा नियुक्ति लिनु अघि त्यस्तो संस्थाबाट बहाल टुटेको प्रमाण पेश गर्नुपर्नेछ ।

१२. **विज्ञको सूची तयार गर्ने** :

सिफारिस समितिले कार्यकारी निर्देशकको लागि दरखास्त पेश गरिसक्नु पर्ने अन्तिम मिति अगावै उम्मेदवारले तयार गरेको कार्यपत्र तथा सो को प्रस्तुतिकरण र अन्तरवार्ता मूल्यांकन गर्ने कार्यका लागि उपयुक्त शैक्षिक योग्यता, सम्वन्धित क्षेत्रको अनुभव र ख्याती प्राप्त मध्येबाट कम्तीमा सात जना विज्ञहरुको सूची तयार गर्नेछ । यस्तो सूचीमा व्यवस्थापन, वाणिज्य, वित्त, सार्वजनिक प्रशासन, इन्जिनियरिङ वा अन्य क्षेत्रका विज्ञहरु रहनेछन् ।

१३. **पारिश्रमिक सेवा सुविधा सम्वन्धी व्यवस्था** :

(१) कार्यकारी निर्देशकको पदावधि खानेपानी व्यवस्थापन वोर्ड ऐनको दफा १७(२) बमोजिम हुनेछ ।

(२) कार्यकारी निर्देशकको मासिक पारिश्रमिक काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २१(१) बमोजिम तथा अन्य सुविधा र सेवाका शर्तहरु काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २१(४) बमोजिम हुनेछ ।

१४. **आचार संहिता पालना गर्नुपर्ने** :

(१) कार्यकारी निर्देशक नियुक्ति सम्वन्धी कार्यपत्र परीक्षण गर्ने दक्ष/विज्ञ तथा कार्यपत्र मूल्यांकनकर्ताले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ :

क) कार्यपत्र परीक्षण तथा अन्तरवार्तामा आफु समावेश गरिएको सूचनालाई गोप्य राख्नुपर्नेछ ।

ख) आफ्नो नाता सम्वन्धको व्यक्ति उम्मेदवार भएको जानकारी भएमा मूल्यांकनमा सहभागी हुन पाइने छैन । सो को जानकारी सिफारिस समितिमा गराउनु पर्नेछ ।

ग) कार्यपत्र परीक्षण गर्दा प्रदान गरिएको अंक कहिकतै व्यक्त गर्नु हुदैन ।

(२) कार्यकारी समितिका पदाधिकारीहरुले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ :

क) आफ्नो नाता सम्वन्धको व्यक्ति उम्मेदवार भएको जानकारी भएमा मूल्यांकनमा सहभागी हुन पाइनेछैन ।

ख) कार्यकारी निर्देशक पदको लागि आफु स्वयं उम्मेदवार हुने भएमा सिफारिस समितिमा सहभागी हुन पाइने छैन ।

ग) कुनै उम्मेदवारको पक्षमा वा विपक्षमा कहिकतै मत प्रकट गर्न पाइनेछैन ।

घ) सिफारिस समितिका पदाधिकारी वा कर्मचारीले गरिरहेका गोपनियता कायम गर्नुपर्ने काम कारवाहीका विषयमा अनावश्यक रुपमा खोजिनीति वा चासो लिनु हुदैन ।

(३) सिफारिस समितिका पदाधिकारी तथा कर्मचारीले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ :

क) छनौट प्रकृयाका सम्पूर्ण कृयाकलापको गोपनियता कायम गर्नुपर्नेछ । बाह्य तथा आन्तरिक दवाव, धम्कीको प्रभावमा नपरी कानूनको अधिनमा रही निष्पक्ष रुपमा काम कारवाही अघि बढाउनु पर्नेछ ।

ख) कुनैपनि उम्मेदवारबाट कुनै पनि प्रकारको दान, दातव्य, ऋण, भौतिक वा आर्थिक लाभ उपहार वा कोसेली स्वीकार गर्न पाइने छैन ।

१५. **नाता सम्वन्ध रहेका व्यक्ति संलग्न रहेको विषयको काम कारवाही सम्वन्धमा** :

कुनै नाता सम्वन्ध रहेको व्यक्ति उम्मेदवार भएको जानकारी भएमा जानकारी हुनासाथ लिखित रुपमा जानकारी गराउनु पर्नेछ । कार्यकारी समिति, सिफारिस समितिका पदाधिकारी तथा कर्मचारीले आफ्नो नाता सम्वन्ध भएको व्यक्ति उम्मेदवार भएमा देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुदैन :

(१) परिक्षाको कार्यपत्रमा संकेत नम्वर राख्ने,

(२) परिक्षाको कार्यपत्र परीक्षण गर्न पठाउने,

(३) नतिजा प्रकाशन ।

१६. **खर्च सम्वन्धी व्यवस्था** :

सिफारिस समितिको बैठक व्यवस्थापन एवं अन्य भैपरी आउने खर्च (Logistic) तथा विज्ञहरुको सेवा लगायत मूल्यांकन सम्वन्धी सम्पूर्ण खर्च काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डले व्यहोर्ने छ ।

१७. **कागज पत्रको संरक्षण** :

उम्मेदवारको मूल्यांकन सम्वन्धी सम्पूर्ण कागजातहरु कार्यकारी निर्देशकको नियुक्तिको कार्य सम्पन्न गरिसकेपछि सिलवन्दी गरी काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डमा सुरक्षित राखिनेछ ।

१८. **सचिवालय** :

सिफारिस समितिको सचिवालय काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यालयमा रहनेछ र सिफारिस समितिको लागि आवश्यक कर्मचारी वोर्डले व्यवस्था गर्नेछ ।

## अनुसूची १

(दफा ५ सँग सम्बन्धित)

## काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

## सैबु, भैसेपाटी, ललितपुर

## कार्यकारी निर्देशक पदका लागि दरखास्त आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२.........)

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ बमोजिम स्थापना भएको अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रुपमा रहेको छ । बोर्डमा रिक्त रहेको कार्यकारी निर्देशकको पद खुल्ला प्रतिस्पर्धाका आधारमा नियुक्त गरी पूर्ति गर्नुपर्ने भएकोले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम २० बमोजिम देहाय अनुसारका योग्यता भएका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले एक्काइस (२१) दिन भित्र यस बोर्डको कार्यालय, सैबु, भैसेपाटी, ललितपुरमा आई पुग्ने गरी रितपूर्वकको दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **पद :** कार्यकारी निर्देशक

२. **आवश्यक न्यूनतम योग्यता :** कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि ऐनको दफा १७ तथा नियमावली, २०८२ को नियम २० मा व्यवस्था भएको योग्यताका अतिरिक्त देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) पैतीस वर्ष उमेर पूरा भई साठ्ठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, विज्ञान, व्यवस्थापन, वित्त, वाणिज्यशास्त्र, कानून, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा चाटर्ड एकाउण्टेन्ट उपाधि हासिल गरेको,

(घ) खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(च) अन्य प्रचलित कानूनले अयोग्य नठहरिएको ।

३. **पदावधि :** खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा १७ (२) मा व्यवस्था भए बमोजिम निजको पदावधि पाँच (५) वर्षको हुनेछ तथा सोही ऐनको दफा १७ (३) बमोजिम निजलाई पदावधि पुरा हुनु अगावै पदबाट हटाउन सकिनेछ ।

४. **पारिश्रमिक र सुविधा :** कार्यकारी निर्देशकको मासिक पारिश्रमिक काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २१(१) बमोजिम तथा अन्य सुविधा र सेवाका शर्तहरु काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २१(४) बमोजिम हुनेछ ।

५. **प्रमुख काम, कर्तव्य र अधिकार :** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा १८ र काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम २२ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. **छनौटको आधार :** काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक नियुक्ति सम्वन्धी कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

७. **छनौटका प्रकृया :**

- रितपूर्वक प्राप्त दरखास्तहरु मध्येबाट बोर्डको प्रचलित ऐन, नियमावली तथा यस पदपूर्तिको लागि तयार गरिएको कार्यविधि अनुसार छनौट प्रकृया अगाडि बढाइने छ ।
- शैक्षिक योग्यता, खानेपानी, प्राकृतिक श्रोत व्यवस्थापन, मानव संसाधन व्यवस्थापन, वित्त व्यवस्थापन आदी विषयमा पन्ध्र दिनको तालिमको प्रमाणपत्र; माथि उल्लेखित विषयहरुमा लेख रचना प्रकाशित भएको भए सो को प्रतिलिपि; व्यवस्थापकीय पदको कार्य अनुभव; संस्था वा प्रचलित कानून बमोजिम दर्ता भएका सार्वजनिक संस्था, वोर्ड, प्राधिकरण आदीमा प्रमुख व्यवस्थापक वा संचालक समितिको अध्यक्ष/सदस्य भई कार्य गरेको अनुभव आदीको आधारमा कम्तीमा सात (७) जना उम्मेदवारको संक्षिप्त सूची (Short Listing) दरखास्त दिने अन्तिम म्याद समाप्त भएको मितिले बढीमा १५ (पन्ध्र) दिन भित्र प्रकाशन गरिनेछ । उम्मेदवारले आवेदन साथ पेश गरेका कागजातहरु स्वयंले प्रमाणित गर्नुपर्नेछ ।
- संक्षिप्त सूची तयार गर्ने प्रयोजनको लागि गरिएको मूल्यांकनको निश्चित अंकभार, व्यवसायिक कार्य योजना (Business Plan) सो को प्रस्तुतिकरण र अन्तरवार्ताका आधारमा उम्मेदवारले प्राप्त गरेको निश्चित अंकभार जोडी आउने कुल अंक गणना गर्दा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई सफल उम्मेदवार र त्यसपछि दोस्रो बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट गरिनेछ ।

८. **दरखास्त फारम र दरखास्त दस्तुरः** दरखास्त फाराम https://kvwsmb-edvacancy.shrigo.com बाट डाउनलोड गरी वा कार्यालय समयमा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । उक्त दरखास्त फाराम रितपूर्वक भरी तोकिएका कागजात संलग्न गरी सो दरखास्त फाराम साथ दरखास्त दस्तुर रु. ३०००।०० (तिन हजार) फिर्ता नहुने गरी नगदै यस बोर्डको कार्यालय

(ललितपुर महानगरपालिका वडा नं. १८, सैबु, भैसेपाटी) मा तिरी दरखास्त फाराम बुझाउन सकिनेछ । दरखास्त फाराम बुझाउन ल्याउँदा हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो पेश गर्नु पर्नेछ ।

९. **दरखास्त दिने अन्तिम मिति :** यो सूचना प्रथम पटक प्रकाशित मितिले एक्काइस (२१) औं दिन भित्र कार्यालय समयमा बोर्डको कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ । उम्मेदवारले दरखास्त फारामसाथ शैक्षिक योग्यता, तालिम र अनुभव सम्बन्धी कागजातहरु र व्यवसायिक योजना (सक्कल १ र प्रतिलिपि २ थान सहित) कार्यपत्र तीन थान छुट्टाछुट्टै खाममा अलग अलग शिलबन्दी गरी पेश गर्नु पर्नेछ । म्याद भित्र पेश हुन नआएको र रितपूर्वक नभएको दरखास्त मान्य हुने छैन । तोकिएको समयभित्र ३ (तिन) वा सो भन्दा कम उम्मेदवारको दरखास्त परेमा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत राखी थप ७ दिनको म्याद राखी पुनः दरखास्त माग गर्न सक्नेछ । पुनः दरखास्त आव्हान गर्दा पनि थप उम्मेदवारको आवेदन नपरे पनि नियुक्ति सम्वन्धी प्रकृयालाई अगाडि बढाउन सकिनेछ ।

१०. **व्यवसायिक कार्ययोजनाको विषय एवं ढाँचा :** काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड तथा सो को काम, कर्तव्य र अधिकार (Scope of work), वोर्डको आगामी पाँच वर्षको स्पष्ट दुरदृष्टि (Vision) सहितको व्यवसायिक कार्य योजना, व्यवसायिक कार्य योजनामा माथि उल्लेखित विषयका अतिरिक्त काठमाण्डौ उपत्यका भित्रको खानेपानीको सम्पत्ति तथा दायित्वको व्यवस्थापन, वोर्डको समस्या, चुनौती तथा समाधानका उपायहरु सहितको भावी कार्ययोजना पेश गर्नुपर्नेछ । साथै खानेपानी तथा ढल निकास सेवा व्यवस्थापन र हाल काठमाण्डौ उपत्यकामा संचालन भैरहेको मेलम्ची खानेपानी आयोजनाको सम्पत्ति तथा दायित्वको व्यवस्थापन, संचालन समेतको विस्तृत कार्य योजना संलग्न गर्नुपर्नेछ । यस कार्य योजनामा माथि उल्लेखित परियोजनाका अतिरिक्त काठमाण्डौ उपत्यकामा सर्वसुलभ एवं गुणस्तरिय खानेपानी सेवा व्यवस्थापन गर्न सम्भाव्य योजनाको खाका, श्रोतको व्यवस्थापन, कार्यान्वियन संचालन विधि (Modality), रचनात्मक लागत असुली योजना (Cost Recovery Plan) संलग्न गर्नुपर्नेछ । (करिव छ हजार शव्दमा नबढाई)

(कार्यपत्र सामान्यतया अंग्रेजी वा नेपाली कुनै एक भाषामा A4 साइजको कागजमा एकापट्टी मात्र लेखिएको हुनुपर्नेछ । अंग्रेजी भाषामा कार्यपत्र तयार गर्दा न्यू टाईम्स रोमन फण्ट १२ र नेपाली भाषामा तयार गर्दा युनिकोड १४ फण्ट साईजमा हुनु पर्नेछ । कार्यपत्रको कभर पेजमा कार्यपत्रको शिर्षक एवं कार्य पत्र प्रस्तावकको नाम उल्लेख हुनुपर्नेछ । कार्य पत्रको अन्य पेजहरुमा नाम लेख्ने वा अन्य कुनै संकेत गर्न पाइने छैन । यसो गरेको पाइएमा कार्यपत्र रद्द गरी यसपछिको प्रकृयामा सहभागि गराइने छैन ।)

११. काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक नियुक्ति सम्वन्धी कार्यविधि, २०८२ यस वोर्डको वेवसाइटमा सम्पूर्णको जानकारीको लागि राखिएको छ ।

१२. संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको नामावली, कार्यपत्र प्रस्तुतिकरण तथा अन्तरवार्ताको मिति, समय र स्थान दरखास्त दिने समयावधि सकिएको मितिले पन्ध्र (१५) दिन भित्र सार्वजनिक गरिनेछ । थप जानकारी लिनु परेमा https://kvwsmb-edvacancy.shrigo.com र फोन नं. ०१–५५९१७३७/५५९१९३७ मा कार्यालय समयभित्र यस वोर्डको कार्यालय सैबु, भैसेपाटीमा सम्पर्क राख्न सकिनेछ ।

## अनुसूची २

(दफा ५ सँग सम्वन्धित)

काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड

# कार्यकारी निर्देशकको पदको लागि दरखास्त फाराम

फोटो

**क)** **व्यक्तिगत विवरण**

१. उम्मेदवारको नाम :

२. बाबु/आमाको नाम :

३. जन्म मिति : इ.सं/वि.सं वर्ष महिना गते

४. स्थायी ठेगाना :

| | |
|---|---|
| जिल्ला : | न.पा/गा.पा/वडा नं |
| टेलिफोन नं : | इमेल : |

५. अस्थायी ठेगाना :

| | |
|---|---|
| जिल्ला : | न.पा/गा.पा/वडा नं |
| टेलिफोन नं : | इमेल : |

६. नागरिकता :

जारी गरिएको जिल्ला र मिति :
नम्वर :

७. सम्पर्क नं/इमेल :

**ख)** **शैक्षिक योग्यता विवरण** :

| उपाधि | शैक्षिक संस्थाको नाम र ठेगाना | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |

**ग)** **सम्वन्धित क्षेत्रमा कार्य अनुभवको विवरण** :

| कार्य अवधि | | संस्था/निकायको नाम र ठेगाना | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| बाट | सम्म | | | |
| | | | | |

**घ)** **तालिमको विवरण** :

| तालिमको विषय | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको अवधि | कैफियत |
|---|---|---|---|
| | | | |

ङ) उम्मेदवार यदि कुनै निकायमा कार्यरत रहेको भए कार्यकारी निर्देशकको पदमा दरखास्त दिन कार्यरत निकायबाट सहमति प्रदान गरिएको सम्वन्धित निकायको पत्र ।

च) शैक्षिक योग्यताका कागजपत्रहरु पेश गर्दा समकक्षता आवश्यक देखिएमा सो समेत पेश गर्नुपर्नेछ ।

छ) माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुरवाजुर गर्ने छैन ।

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
|---|---|
| | |

दरखास्तवालाको हस्ताक्षर

मिति

*नोट : दरखास्तको साथमा सूचनामा उल्लेखित कागजातका छाँयाप्रतिहरु स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।*

## अनुसूची -३

(दफा ९ (६) सँग सम्बन्धित)

**कार्यकारी निर्देशक नियुक्ति सिफारिसका लागि संक्षिप्त सूची प्रकाशन गर्न अंक प्रदान गर्ने आधार**

पूर्णाङ्क: १०० उतिर्णाङ्क: ४०

| सि.नं | विवरण | छुट्याइएको अंक | अंक विभाजन |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता तथा तालिम | **४०** | |
| १.१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, विज्ञान, व्यवस्थापन, वित्त, वाणिज्यशास्त्र, कानून, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा चाटर्ड एकाउण्टेन्ट उपाधि हासिल गरेको । | ३०<br>प्रथम श्रेणी<br>द्वितिय श्रेणी<br>तृतिय श्रेणी | ०-३०<br>३०<br>२८<br>२६ |
| १.२ | उल्लेखित विषयमा विद्यावारिधि उपाधि हासिल गरे वापत | ५ | ५ |
| १.३ | माथिका विषयहरुमा व्यवस्थापन सम्वन्धी कम्तीमा १५ कार्य दिनको तालिम वापत ( प्रत्येक तालिमको लागि १ अंक) | ३ | १-३ |
| १.४ | (क) महिला (ख) आदिवासी जनजाति (ग) मधेशी (घ) दलित (ङ) अपाङ्ग (च) पिछडिएको क्षेत्रका उम्मेदवारलाई विशेष अंक | २ | २ |
| | **जम्मा** | **४०** | |
| २ | कार्य अनुभव | **४०** | |
| २.१ | • खानेपानी तथा ढल निकास क्षेत्रमा कुनै सरकारी संस्था वा प्रचलित कानून बमोजिम दर्ता भएका सार्वजनिक संस्था, वोर्ड, प्राधिकरण आदीमा व्यवस्थापकीय जिम्मेवारी लिई काम गरेको न्युनतम दश वर्षको अनुभव<br>• माथि उल्लेख भएको क्षेत्रमा दश वर्ष भन्दा माथि पन्ध्र वर्षसम्मको अनुभव वापत प्रत्येक वर्षको लागि १ अंक प्रदान गरिनेछ । | | ३५<br>३६-४० |
| ३ | अध्ययन अनुसन्धान | ५ | |
| ३.१ | खानेपानी तथा प्राकृतिक श्रोत व्यवस्थापन, मानव संसाधन व्यवस्थापन, वित्त व्यवस्थापन आदी विषयहरुमा लेख रचना प्रकाशन (प्रत्येक लेख/रचनाको लागि १ अंक) | | १-५ |
| ४ | कुनै सरकारी संस्था वा प्रचलित कानून बमोजिम दर्ता भएका सार्वजनिक संस्था, वोर्ड, प्राधिकरण आदीमा प्रमुख व्यवस्थापक वा संचालक समितिको अध्यक्ष/सदस्य भई कार्य गरेको अनुभव (प्रत्येक वर्षको लागि ३ अंक) | १५ | ३-१५ |

## अनुसूची-४

(दफा १० र ११ सँग सम्बन्धित)

**कार्यकारी निर्देशक नियुक्ति सिफारिसका लागि लिइने दोस्रो चरणको मूल्यांकन (व्यवसायिक कार्य योजनाको मूल्यांकन, प्रस्तुतिकरण र अन्तरर्वाताको अंक विभाजनका आधारहरु)**

**अ. व्यवसायिक योजनाको मूल्याङ्कनको आधार** **पूर्णाङ्क : ५०**

क) अवधारणागत स्पष्टता - ५ अंक

ख) सूचना र तथ्यांकको विश्वसनियता - ५ अंक

ग) विश्लेषण तथा तार्किकता - १५ अंक

घ) सिर्जनशिलता - ५ अंक

ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - १५ अंक

च) लेखनशैली - ५ अंक

**आ. कार्यपत्र प्रस्तुतीकरणको मूल्याङ्कनको आधार** **पूर्णाङ्क : २५**

क) प्रस्तुतिकरणको विषयबस्तु वापत - १० अंक

ख) प्रस्तुतिकरण शैली - ४ अंक

ग) आत्मविश्वास - ४ अंक

घ) प्रस्तुतिमा सूचना प्रविधिको प्रयोग - २ अंक

ङ) मूल्यांकनकर्ताबाट उठाइएका जिज्ञासाहरुको संबोधन - ५ अंक

**इ. अन्तरवार्ता मूल्याङ्कनको आधार** **पूर्णाङ्क : २५**

क) विषयवस्तुको ज्ञान - १५ अंक

ख) व्यक्तित्व - १० अंक